# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः २१ नोभेम्बर २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. मुख्यमन्त्री ममता बनर्जीको महत्वाकांक्षी ‘कन्याश्री’ परियोजनामा आधारित चलचित्र ‘सुकन्या’ भोलि रिलिज हुँदैछ
२. सिहलिला राष्ट्रिय आरण्य क्षेत्रमा रहेको बिश्वप्रशिद्द पर्यटक स्थल सन्दकपुमा यसबर्षको प्रहिलो हिमपात भएको छ
३. सिलगढ़ीबाट ट्याब(मोबाइल) घोटाला मामिलामा थप एकजना आरोपीलाई पक्राउ गरिएको छ ।
४. पश्चिम बंगालका वरिष्ठ डाक्टरहरूको संगठन ज्वोइन्ट प्लेटफर्म अफ डाक्टर्स (जेपीडी)-ले राज्य सरकारसित पश्चिम बंगाल मेडिकल काउन्सिलमा व्याप्त "अनियमितता"-लाई समाप्त गर्नको लागि हस्तक्षेप गर्ने माग गरेको छ।
५. मौसम विभागले बंगालको खाड़ीमा आगामी केही दिनमा फेन्जल नामक चक्रवात बनिने सम्भावना व्यक्त गरेको छ।

**चलचित्र ‘सुकन्या’**

मुख्यमन्त्री ममता बनर्जीको महत्वाकांक्षी ‘कन्याश्री’ परियोजनामा आधारित चलचित्र ‘सुकन्या’ अब रिलिजको तयारीमा छ । समीर मण्डलको निर्माण तथा उज्ज्वल मित्राको निर्देशनमा बनेको यो चलचित्र भोलि शुक्रबार रिलिज हुँदैछ । यसले ममता बनर्जीको विपक्षी नेता देखि मुख्यमन्त्री सम्म बनिएको यात्रा र छोरीलाई आत्मनिर्भर र सशक्त बनाउन सफल हुने एउटा आमाको संघर्षपूर्ण कथालाई चित्रण गरिएको छ।यो चलचित्र त्यस समयमा बनिएर तैयार भएको हो जब आरजी कार मेडिकल कलेजमा भएको घटनाले राज्यमा निकै हलचल मच्चाएको थियो । अगस्टमा रिलिज हुने भनिएको यो फिल्म राज्यमा जुनियर डाक्टरहरूको हडताल, प्रदर्शन र जनआक्रोश चरम सीमामा रहेकाले स्थगित गरिएको थियो। चलचित्र निर्माताहरूले यो वातावरणलाई 'व्यावसायिक दृष्टिकोणबाट प्रतिकूल' माने र रिलिज स्थगित गरे। अहिले जब अवस्था सामान्य भएपछि राज्यका ३५ हलमा रिलिज हुँदैछ ।

****** ० *****

**हिमपात**

सिहलिला राष्ट्रिय आरण्य क्षेत्रमा रहेको बिश्वप्रशिद्द पर्यटक स्थल सन्दकपुमा यसबर्षको प्रहिलो हिमपात भएको छ । प्राप्त जानकारी अनुसार आज दिउँसो लगभग दुई बजेदेखि यस क्षेत्रमा लगातार रूपमा हिमपात भएको बताइएको छ। हिमपातको कारण क्षेत्रमा अचानक जाडो बडेको भएपनि त्यहाँ पुगेका पर्यटकहरुले हिमपातले भरपुर मज्जा लिइरहेका छन भने हिमपातले क्षेत्रको हेर्ने लायक बनेको छ यसका साथै अन्य सालको तुलनामा योपटक केहि अघि हिमपात भएको स्थानीय सनराइज होटेलका संचालक मणि थामीले बताएका छन भने पर्यटनहरु निकै खुशी भएको उनी बताउछन् । यसैगरी आजभन्दा चार बर्ष अघि पनि नोभेम्बरको तेस्रो सातामा हिमपात भएको भए पनि योपटकको हिमपातले सबैको मन जितेको स्थानीय सुवास राई बताउछन। अर्कोतिर आफुहरुले जिन्दगीमा प्रहिलोपटक हिमपातको प्रत्यक्षदर्शी हुन पाएकोमा अत्यन्तै आनन्दीत भएको पर्यटकहरु बताउँछन्।

****** ० *****

**ट्याब घोटाला**

सिलगढ़ीबाट ट्याब(मोबाइल) घोटाला मामिलामा थप एकजना आरोपीलाई पक्राउ गरिएको छ । पक्राउ परेका आरोपी बिहारको किशनगञ्ज निवासी रहेको थाहा लागेको छ। आरोपी वर्तमानमा सिलगढ़ीको देवीडांगा क्षेत्रस्थित एक भाड़ाको घरमा बस्दै आइरहेको थिए। पुलिस सूत्र अनुसार आरोपीले चोपड़ामा एक सीएसपी संचालन गर्दथे। उक्त सीएसपी कै माध्यमबाट बर्दवानका एकजना विद्यार्थीको ट्याबको रुपियाँ घोटाला गरिएको थियो। त्यसपछि उक्त मामिलालाई लिएर बर्दवान थानाामा स्कूलको पक्षबाट उजुरी दर्ता गरिएको थियो । उक्त उजुरीको आधारमा बर्दवान थानाको पुलिसले जाँच शुरू गरेर हिज सिलगढ़ीको देविडांगा क्षेत्रबाट अबेर राती प्रधान नगर थाना पुलिसको सहयोगमा आरोपीलाई पक्राउ गरेको छ। आज बर्दवान थानाको पुलिसले आरोपीलाई सिलगढ़ी कोर्टमा पेश गरी ट्रान्जिट रिमाण्डमा लिएको छ।

****** ० *****

**पश्चिम बंगाल  जेपीडी**

पश्चिम बंगालका वरिष्ठ डाक्टरहरूको संगठन ज्वोइन्ट प्लेटफर्म अफ डाक्टर्स (जेपीडी)-ले राज्य सरकारसित पश्चिम बंगाल मेडिकल काउन्सिलमा व्याप्त "अनियमितता"-लाई समाप्त गर्नको लागि हस्तक्षेप गर्ने माग गरेको छ।जेपीडीका संयुक्त संयोजद्वय पुन्यब्रत गुन र हीरालाल कोनारले मुख्य सचिव मनोज पन्तलाई यस मुद्दामाथि चर्चा गर्नको लागि पत्र पठाएका छन्। पत्रमा दाबी गरिएको छ,  डाक्टरहरूको "अनैतिक" अनि "अमानवीय" स्थानान्तरण आदेश जुन राष्ट्रिय चिकित्सा परिषद (एनएमसी)-का प्रावधानहरू विपरीत छ। यस्तो आदेशले राज्यको स्वास्थ्य क्षेत्रमा "धम्की संस्कृति"- को पुनरूत्थानको आशंकालाई बढ़ाइरहेको छ।संगठनले यो पनि आरोप लगाएको छ कि ष्धम्की संस्कृति"- मा सामेल डाक्टरहरूविरूद्ध अनुशासनात्मक कारबाहीमाथि राज्य स्वास्थ्य विभागको मौनताको कारणले पारस्परिक विश्वास घटेको छ। यसअघि उच्च प्रशासनले स्वास्थ्य क्षेत्रका सबै हितधारकहरूको हितमा विश्वास बहाली गर्ने वाचा गरेको थियो।यसबीच तृणमूल कांग्रेसका दुईजना डाक्टर-नेतामाझ भइरहेको विवादले मामिलालाई अझ् जटिल बनाइदिएको छ।

****** ० *****

**पिपल्स फोरम**

दार्जीलिङ पहाडको ९९ प्रतिशत जनता गोर्खाल्याण्ड राज्य गठनको पक्षमा रहेको कारण स्ट्याण्डिङ कमिटी मार्फत संशोधित छैटौं अनुसूचीको बील पेश हुनबाट चुकेको पिपल्स फोरम महासचिव प्रवीण गुरुङले दावी गरेका छन्। गोरामुमो नेतृत्व अनि ३५ प्रतिशत जनजातिद्वारा ६५ प्रतिशत साधारण जातगोष्टीमाथि शासन हुने दुई कुराको विरोधको कारण बाधा परेको छैटौं अनुसूची गोर्खाल्याण्डको मागलाई ठाउँ बनाउन पहाडको लागि अनिवार्य रहेको गुरूङको भनाइ रहेको छ। यसबीच छैटौं अनुसूचीको मागमाथि जनसमर्थनको अपील गर्दै पिपल्स फोरमद्वारा बिहीवार चोक बजार परिसरमा पर्चा वितरण गरियो। यसअवधि मिडियालाई सम्बोधनमा गर्दै ग्याम्सो शेर्पाले अहिले छैटौं अनुसूचीको मुद्दालाई मानिसहरुले  बुझ्न थालेको जानकारी दिएका छन्।

****** ० *****

**नेपाल–भारत सीमा सुरक्षा**

नेपाल–भारत सीमा सुरक्षा समन्वयसम्बन्धी उच्चस्तरीय बैठक काठमाडौंमा सुरु भएको छ अनि यो सोमबारसम्म चल्ने छ । बैठकमा सीमापार अपराध नियन्त्रण र तेस्रो तेस्रो देशका नागरिकको अवैध प्रवेश माथी नियन्त्रणको विषयमा छलफल भइरहेको छ । सीमा क्षेत्रमा हुने अपराध नियन्त्रण र यसका लागि सूचना आदानप्रदान, राजस्व नियन्त्रण, अवैध लागुऔषध ओसारपसार तथा मानव बेचबिखन तथा तेस्रो देशका नागरिकको अवैध प्रवेशलाई नियन्त्रण गर्ने विषयमा नेपाली पक्षबाट प्रस्ताव राखिएको छ ।भारतका एसएसबीका महानिर्देशक अमृतमोहन प्रसादको नेतृत्वमा ६ सदस्यीय भारतीय प्रतिनिधिमण्डलको नेतृत्वमा एपीएफ अर्याल लगायत उच्चस्तरीय सुरक्षा अधिकारी, गृह मन्त्रालय, राष्ट्रिय अनुसन्धान विभाग, विदेश मंत्रालय अधिकारी लगायत उच्चा स्तरका अधिकारी हरुको सहभागिता रहेको छ ।

****** ० *****

**लक्खी भंडार योजना**

पुरुलिया बाट भाजपा सांसद ज्योतिर्मय सिंह महतो ले पश्चिम बंगाल सरकारको लक्खी भंडार योजना अन्तर्गत महिलाहरुलाई प्रदान गरिने राशि बढ़ाउने अनुरोध गर्नुभएको छ। यस संबंधमा आज उहाँले  मुख्यमंत्री ममता बनर्जीलाई पत्र लेख्नु भएको छ। उक्त पत्रमा भाजपा सांसदले  महिला सशक्तिकरणका लागी अनुदान की राशि  बढ़ाएर दुई हजार रुपियाँ गरिनु पर्ने अनुरोध गर्नु भएको छ। 2021 मा तेस्रो पल्ट सत्तामा आए पछि मुख्यमंत्रीले राज्यका महिलाहरुका लागी लक्ष्मी भंडार योजना शुरू गर्नुभएको थियो। यस योजना अन्तर्गत प्रतेक महिना महिलाहरुलाई खातामा एक हजार रुपिया प्रदान गरिन्छ। अनुसूचित जाति अनि अनुसूचित जनजातिका महिलाहरुलाई 1200 रुपियाँ प्रदान गरिन्छ । यस पल्ट यस राशिलाई पुरुलियाका सांसदले बढ़ाएर 2000 गर्ने अनुरोध गर्नुभएको छ।

****** ० *****

**जल्पाइगुडी आबकारी विभाग**

जल्पाइगुडी आबकारी विभाग  द्वारा एक  सुचनाको आधारमा आज  दार्जीलिङ्गको पुरानो सुपर मार्केट मा रहेको दोकान अनि रेस्टुरेन्टमा  छापा मारेर बृहतमात्रामा सिक्किम निर्मित Non-Duty Paid Liquor बरामद गरेको छ।  १७५  केसभन्दा अधिक मात्रामा  सिक्किम निर्मित  रम रक्सि  बरामद गर्न का साथै   १ जना ब्यक्ती लाई आबकारी विभागले  हिरासत लिएको छ।
दार्जीलिङ्गको पुरानो सुपर मार्केट मा रहेको एक रेस्टुरेन्ट बाट उक्त शराब्का केश हरु जफत गरिएको आबकारी विभागका अधिकारि ले जानकारी गराएको छ।

****** ० *****

**मिरिक बोकार गुम्बा**

मिरिकको बोकार गुम्बाले  भोलि क्याब्जे बोकर चोक्त्रुल रिन्पोछेको ऐतिहासिक गद्दी आरोहण समारोहको लागि तयारी गरिरहेको छ। बोकार गुम्बामा भोलि  एक भव्य कार्यक्रम हुनेछ जहाँ  क्याब्जे बोकर रिनपोचेको अवतार  क्याब्जे बोकार चोक्त्रुल रिन्पोचेको राज्यारोहण समारोह सम्पन्न हुनेछ। यस कार्यक्रममा  सिक्किमका मुख्यमन्त्री पीएस गोले लगायत विभिन्न स्थानहरुबाट भक्तजन तथा  प्रतिष्ठित व्यक्तिहरु उपस्थित हुनेछन् ।यस कार्यक्रमलाई सफल बनाउन  गुम्बालाई  रंगीन बत्तीहरूले भव्यरुपमा सजाइएको छ।

****** ० *****

**जोरबङ्लो**

अध्यक्ष साङ्गे डुक्पा र महासचिव थेण्डुप वाङ्दीको नेतृत्वमा रहेको घूम जोरबङ्लो पिपल्स अर्गनाइजेशनले भिक्टोरिया अस्पतालमा थप ओपीडी काउन्टरको माग गरेको छ। पुरानो अस्पतालको चेकअप काउन्टरलाई जिल्ला दुर्गामल्ल इडेन अस्पतालमा स्थानान्तरण गर्दा दुईवटा काउन्टर मात्रै बाँकी रहेकाले बिरामीको चाप बढेको छ। नयाँ डायलिसिस मशिन (र जीटीए स्वास्थ्य विभागका प्रभारी राजेश चौहानलाई धन्यवाद) सहित जीटीए स्वास्थ्य विभागका अन्य पहलहरूको प्रशंसा गर्दै, संगठनको निम्ति -आज डुक्पा, वाङ्दी, जयकुमार थामी, पी राई, प्रदीप राई, पासाङ भोटिया, सुजना रसाइली, फुर्वा लेप्चा पी छिरिङ, दार्जे राई, फिन्चे वाङ्दी र लाक्पाले प्रतिनिधित्व गरेका थिए।

****** ० *****

**मौसम**

बंगालको खाड़ीमा एक चक्रवाती स्थिति बनिसकेको छ, जसबाट मौसम विभागले आगामी केही दिनमा फेन्जल नाम गरेको चक्रवात बनिने सम्भावना व्यक्त गरेको छ। भारतीय मौसम विभाग (आईएमडी) ले बिहिवार राति यो जानकारी दिएको छ।मौसम विभाग अनुसार, दक्षिण अण्डमान र निकोबार नजिक बंगालको खाड़ीमा एक चक्रवाती दबाउ क्षेत्र बनिसकेको छ। यसको प्रभावले वरिपरिका क्षेत्रहरूमा एक निम्न दबाउको क्षेत्र बनिने सम्भावना छ, जसले बिस्तारै तीव्र भएर गहिरो दबाउ र फेरि चक्रवातको रूप लिनसक्छ। मौसम विशेषज्ञहरूले बिहिवार जानकारी गराएका छन्, चक्रवाती दबाउ आगामी 24 घण्टा अझ् मजबुत हुनसक्छ। समुद्री परिस्थितिहरू र हावाको गतिको कारण यो चक्रवाती दबाउ शनिवार र आइतवार मुख्य भारतीय भूभागको तटीय क्षेत्रहरूसम्म पुग्नसक्छ। यसले गर्दा तमिलनाडू र आन्ध्र प्रदेशको तटीय क्षेत्रहरूमा यसको प्रभाव पर्नसक्छ। श्रीलंकाको उत्तरी तटीय क्षेत्रहरूमा पनि यसको प्रभाव पर्ने आशंका व्यक्त गरिएको छ। यदि यो चक्रवातले पूर्ण रूप लियो भने यसलाई फेन्जल नाम दिइनेछ।

****** ० *****